# अरुण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## प्याउली, भोजपुर

पत्र सं: २०८२/०८३

कोशी प्रदेश, नेपाल

### ढुङ्गा/गिट्टी/ग्रभेल र बालुवा सङ्कलन तथा निकासी सम्बन्धी लिलाम विक्री आह्वानको सूचना

**प्रथप पटक प्रकाशित मिति:२०८३/०२/२७**

कोशी प्रदेश सरकारको आर्थिक ऐन, २०८२ ले निर्धारण गरे बमोजिम यस अरुण गाउँपालिका भित्रका देहायका नदी/खोलाहरुबाट आ.व. २०८१/०८२ को लागि उत्खनन गरी स्टक प्रमाणित भएको ढुङ्गा/गिट्टी/ग्राभेल र बालुवा सङ्कलन तथा निकासी शुल्कको लिलाम विक्रीको लागि ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकाले तपसिलको न्यूनतम ठेक्का अङ्कमा नघट्ने गरी बढावढमा इजाजत प्राप्त, फर्म वा कम्पनी दर्ता प्रमाण पत्रको प्रतिलिपि, नवीकरण भएको प्रमाण पत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र तथा नियमानुसार आ.व. ८१/८२ को कर चुक्ता प्रमाणपत्र को प्रतिलिपि सहित तोकिएकोको सर्त पलाना हुने गरी इच्छुक व्यक्ति/फर्म वा कम्पनीहरुले रितपूर्वक लिलाम सकार गर्न आवेदन सूचना प्रकाशन भएको मितिले ७औं दिनको कार्यालयमा खरिद गरी कार्यालयमा पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ । थप जानकारी तथा आवश्यक लिलाम सकार सम्बन्धी कागजातहरु यस कार्यालयको वेबसाइट www.arunmun.gov.np बाट लिन सकिने छ ।

तपसिल

| सि.नं. | लिलामको विवरण | पदार्थ | उत्खनन परिमाण (क्यु.फिट.) | न्युनतम लिलाम अङ्क रु. (मू.अ.कर बाहेक) | धरौटी रकम रू. | लिलाम सखार दस्तुर रू. | लिलाम सखार पेश गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|---|
| १ | अरुण नदीको लिडि बगार वडा -६ (ब्लक -१,२) स्टक प्रमाणितमा रहेको नदि जन्य पदार्थ | ढुङ्गा/गिट्टी/ग्रावेल/बालुवा | २५९४१६.४३ | १८१५९१५.०१ | कवोल अङ्कको ३ प्रतिशत नगद जम्मां गरेको भौचर वा १२० दिन म्याद भएको बैंक जमानत | ३०००/- | २०८३/०३/०३ दिनको १२:०० बजेसम्म |
| | | निकासी कर | २५९४१६.४३ | २५९४१६.४३ | | | |
| | | जम्मा | | २०७५३३१.४४ | | | |

सर्तहरु:

१. उल्लिखित लिलाम विक्री भर्दा कबोलअङ्कर अक्षर दुवैमा खुलाउनु पर्नेछ। अङ्कर अक्षरमा फरक परेमा अक्षरमा उल्लेख भएको रकमलाई मान्यता दिइनेछ साथै उक्त आय ठेक्काहरूमा जुन कबोलअङ्कबढी हुन्छ सो कबोल कर्ताको लिलाम आवेदन स्वीकृत गरिनेछ ।

२.

३. लिलाम विक्रीको अवधि प्रचलित कानून बमोजिम ( सम्झौता भएको मिति देखि २०८३ साल आषाढ मसान्त सम्म) कायम रहनेछ।

४. माथि उल्लेखित सबै कबोल अंकको थप मुल्य अभिवृद्धि कर (१३ प्रतिशत) राजश्व लिलाम सकार गरी लिने फर्मले यस कार्यालयमा बुझाउनुपर्नेछ।

५. कबुल अङ्कको ३ प्रतिशत धरौटी रकम यस कार्यालयको **"प्रभु बैंक लि."** अरुण गाउँपालिका प्याउली, भोजपुर शाखाको खाता नं. "२६९७०८७३६१९०००६८", **खातावालाको नाम** : **"GA-3-1 Arun ga.pa. Sthaniyataha dharauti Khata"** मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंक बाट इजाजत प्राप्त क बर्गको बैंक बाट यस कार्यायलको नाममा जारी भएको बोलपत्र नं. र नाम उल्लेख गरी लिलाम सकार सम्बन्धी कागजातहरू पेश गर्ने अन्तिम दिन बाट १२० दिन म्याद भएको **बिड वण्ड** सक्कल कागजात पेश गर्नु पर्नेछ । धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाईने छैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसके पछि प्रचलित कानुन बमोजिम फिर्ता गरिनेछ।

६. कबुल गरेको रकम एकमुष्ठ अग्रिम रूपमा बुझानु पर्ने छ। । लिलाम विक्री गर्दा नियमानुसार लाग्ने दस्तुर बापतको रकम ३०००/- यस कार्यालयको **"राजस्व शाखामा."** नगद जम्मा गरेको रसिद पेश गर्नु पर्ने छ ।

७. कारण जनाई वा नजनाई लिलाम विक्री स्वीकृत गर्ने वा नगर्ने अधिकार कार्यालयमा सुरक्षित रहनेछ । साथै रित नपुगी आएको लिलाम उपर कुनै कारबाही हुने छैन ।

८. लिलाममा कुनै विवाद भएमा अरुण गाउँ कार्यपालिकाको कार्यालयको निर्णय अन्तिम हुनेछ ।

# अरुण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## प्याउली, भोजपुर

पत्र सं: २०८२/०८३

कोशी प्रदेश, नेपाल

९. उक्त लिलामको कागजात मिति २०८३/०३/०३ गते दिनको १२:०० बजे भित्र पेश गरि सक्नु पर्ने छ । रीत पूर्वक पर्न आएका लिलाम उल्लिखित दिनको २:०० बजे कार्यालयका प्रतिनिधि, लिलाम कर्ता वा निजको प्रतिनिधीहरूको रोहोवरमा यस कार्यालयमा खोलिनेछ साथै लिलाम कर्ता वा निजको प्रतिनिधि लिलाम खोल्ने समयमा उपस्थित नभएमा लिलाम खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ।

१०. लिलाम फाराम कार्यालयबाट प्राप्त गरि लिलाम विक्री फारामहरूमा उल्लेख भएका सबै विवरणहरू भरी तोकिएको समय भित्र इजाजत प्राप्त, फर्म वा कम्पनी दर्ता प्रमाण पत्रको प्रतिलिपि, नवीकरण भएको प्रमाण पत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र तथा नियमानुसार आ.व. ८१/८२ को कर चुक्ता प्रमाणपत्र , लिलाम फारम, सक्कल कागजात, आख्तियारी तथा स्वघोषणा पेश गर्नु पर्ने छ । लिलाम सकार गर्ने व्यक्तिको हकमा नागरिकताको फोटोकपी पेश गर्नु पर्ने र अन्य कागजातहरु सोही बमोजिम हुने छ।

११. यस सूचनामा उल्लेख भएका सर्तहरूका अतिरिक्त लिलाम विक्री साथ संलग्न गरिएको आय सम्बन्धी अन्य सर्तहरूका प्रत्येक बुँदाहरू यसै सूचनाका सर्त सरह लागू हुनेछ ।

१२. यस सूचना तथा लिलाम साथ संलग्न अन्य सर्तहरू पूरा नभएका लिलामको मूल्याङ्कनमा समावेश गरिने छैन ।

१३. अन्य कुराहरू यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको सूचना तथा अन्य प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

१४. कायम हुन आएको लिलाम सकार अङ्करकमको भुक्तानी तालिका देहाय अनुसार हुनेछ।

| किस्ता | किस्ता बुझाउनु पर्ने मिति | रकम |
|---|---|---|
| एकमुष्ट | लिलाम स्वीकृत भइ सम्झौताको बखत | कबोल अंकको सबै रकम कार्यालयमा दाखिला गर्नु पर्ने छ। |

१५. लिलाम सकार गर्ने फर्म/व्यक्तिले तोकिएको शुल्क उठाउँदा प्रयोग गर्ने रसिदहरू लिलाम कर्ताले आफ्नो तर्फबाट छपाई उक्त रसिदहरू यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ। प्रमाणित नगरेको रसिदबाट शुल्क उठाइएको पाइएमा नियमानुसार कारवाही गरिनेछ ।

१६. उल्लेख गरिएको रसिदहरूबाट आम्दानी गरिएको रकम आय खातामा मू.अ. कर को हिसाब निकाल्नका लागि रसिद नं. को क्रमानुसार लेखांकन गरी खाता र रसिद १५ (पन्ध्र) दिनमा यस कार्यालयमा बुझाउनु पर्नेछ।

१७. गाउँपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता भएको वा कालो सुचीमा परेको व्यक्ति फर्म/व्यक्तिको लिलाम स्वीकृत गरिने छैन ।

१८. प्रचलित कानुन सम्झौता र सूचनाको सर्त विपरित कार्य गरेमा जुनसुकै अवस्थामा पनि कार्यालयले लिलाम कार्य तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा लिलाम कर्ताबाट सरकारी बाँकी सरह असुलउपर गरिनेछ ।

१९. बोलपत्र पेश गर्दा पेश गर्ने फर्म/व्यक्ति वा कम्पनीका व्यवसाय नवीकरण प्रमाण पत्र, स्थायी लेखा नं., मू.अ. कर प्रमाण पत्रको प्रतिलिपि र कर चुक्ता प्रमाण (२०८१/०८२) पत्रको प्रतिलिपि संलग्न राखी पेश गर्नुपर्नेछ ।

२०. ढुङ्गा, गिटी, बालुवा, रोडा आदिको विक्रीका सम्बन्धमा जिल्ला स्तरीय र गाउँपालिका स्तरीय अनुगमन समितिले दिएका सुझाव तथा निर्देशनहरू लिलाम कर्ता पक्षले पुर्ण रूपमा पालना गर्नुपर्नेछ ।

२१. उपरोक्त अनुसार उल्लेख भएका सर्तहरूको हकमा यसै अनुसार हुने र उल्लेख नभएकाहरूको हकमा प्रचलित ढुङ्गा, गिट्टी तथा बालुवा बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ बमोजिम हुनेछ ।

२२. अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

जितमान जिमी
प्रमुख प्रशासकीय अधिकृत

जितमान जिमी
प्रमुख प्रशासकीय अधिकृत